APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# कल्पितका कथामा प्रेमको आदर्शीकरण

डा. अम्बिका अर्याल
विभागीय प्रमुख, नेपाली विभाग
पद्मकन्या बहुमुखी क्याम्पस
ambiaryal@gmail.com
https://orcid.org/0009-0000-2471-9288

Received: Feb 25, 2025 Revised: May 15, 2025 Accepted: May 25, 2025

लेखसार

प्रस्तुत अध्ययन कल्पितको *ग्याब्रियले* कथासङ्ग्रहभित्रका कथामा अभिव्यक्त प्रेमको आदर्शीकरणको निरूपणमा केन्द्रित छ । प्रेमलाई यथार्थभन्दा परिपूर्ण, उच्च र शुद्ध रूपमा चित्रण गर्ने प्रक्रिया प्रेमको आदर्शीकरण हो । यस अवधारणामा प्रेमलाई कुनै कमी वा त्रुटि नभएको, केवल त्याग, निष्ठा र समर्पणले भरिएको दिव्य अनुभूति मानिन्छ । कल्पितका कथामा यस किसिमको अवधारणालाई कसरी प्रस्तुत गरिएको छ भन्ने समस्या यसको प्राज्ञिक जिज्ञासा हो । उनका कथामा अभिव्यक्त प्रेमको आदर्शीकरणको खोजी गर्नु यस लेखको उद्देश्य रहेको छ । यसमा *ग्याब्रियले* कथासङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा र यससँग सम्बन्धित अध्ययन तथा आदर्श प्रेमसम्बन्धी अवधारणासँग सम्बद्ध कृतिलाई द्वितीयक सामग्रीका रूपमा लिई पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । पाश्चात्य दार्शनिक प्लेटो, अरस्तु र स्टनबर्गको प्रेमको आदर्शीकरणसम्बन्धी अवधारणालाई सैद्धान्तिक आधार मान्दै यसभित्रका आदर्श मित्रता, भौतिक मोहको त्याग, नि:स्वार्थता, आत्मिकताजस्ता बुँदाहरूलाई विश्लेषणका ढाँचाका रूपमा लिइएको छ । चयनित कथामा अभिव्यक्त प्रेमको आदर्शीकरणसम्बन्धी दृष्टिकोणलाई सैद्धान्तिक आधारका सापेक्षमा विश्लेषण गरिएको हुनाले यो लेख निगमनात्मक पद्धतिको बनेको छ । यसमा विश्लेषणात्मक एवम् वर्णनात्मक पद्धतिबाट तथ्यको विश्लेषण गरी समस्याको समाधान निकालिएको छ । यस क्रममा कल्पितका *ग्याब्रियले* कथासङ्ग्रहभित्रका कथामा त्याग, निष्ठा एवम् समर्पणयुक्त अभौतिक र आत्मिक प्रेमसम्बन्धलाई मूल विषय बनाई प्रेमको आदर्शीकरण गरिएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी : आदर्श, आध्यात्मिकता, निष्ठा, नि:स्वार्थ, परिकल्पना ।*

## विषयपरिचय

हरिश कल्पित आख्यानका क्षेत्रमा कलम चलाउने स्रष्टा हुन् । उनका *आस्था* (२०५७) र *ग्याब्रियले* (२०७७) गरी दुई कथासङ्ग्रह र फुटकर रूपमा थुप्रै रचनाहरू प्रकाशित भइसकेका छन् । यस लेखमा उनको दोस्रो कथासङ्ग्रह *ग्याब्रियले*लाई विश्लेष्य सामग्रीका रूपमा चयन गरिएको छ । यस सङ्ग्रहभित्रका कथामा प्रेमलाई मूल विषय बनाइएको छ । निष्ठा, त्याग र समर्पणलाई केन्द्रमा राखेर नि:स्वार्थ प्रेमको भक्ति गाइएको हुनाले उनका कथामा प्रेमको आदर्शीकरण हुन पुगेको देखिन्छ । कल्पितका कथामा केन्द्रित

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

भएर अन्य अध्ययन गरिएका पाइए पनि प्रेमको आदर्शीकरणका खोजीमा केन्द्रित अध्ययन हुन बाँकी रहेका सन्दर्भमा यसको शोधअन्तराल देखिने भएकाले केही पूर्वअध्ययनहरूलाई यहाँ चर्चा गरिएको छ ।

दामोदर पुडासैनी किशोर (२०७७) ले 'समय र सम्बन्धहरूलाई सापेक्षताको कसीमा घोटिएका कथाहरूको सङ्ग्रह - *ग्याब्रियले*' शीर्षकको लेखमा कल्पितका कथाले अल्बर्ट आइन्स्टाइनलाई फेरि ब्युँझाएको तर्क पेश गरेका छन् । उनले हरिशका कथाहरू मान्छे र उसको वरिपरिको परिवेशमा प्रकाशको गति आजसम्मको भन्दा अलि प्रबल बनाउने सुरसारमा रहेका देखिने पनि बताएका छन् । महेश कार्की क्षितिज (२०७९) ले 'संवेदनाको प्रतिबिम्ब : *ग्याब्रियले*' शीर्षकको लेखमा मानवीयताको पक्षमा उभिएका कल्पितका कथामा संवेदना, समाज, संस्कृति र प्रेमको प्रतिबिम्ब देख्न सकिने बताएका छन् । रुबी रौनियार (२०७९) ले '*ग्याब्रियले* अर्थात् ईश्वर नै मेरो शक्ति' शीर्षकको लेखमा कल्पितका कथामा प्रेम, बिछोड, वैदेशिक रोजगारमा गएका युवाहरूको भोगाइ, समाजका विभिन्न वर्गका उतारचढाव, नारीको मनोदशा, पुरुषभित्रको संवेगात्मक भावना, समय परिस्थितिले सिर्जना गरेका मानवजीवनमा आइपरेका अनपेक्षित मोडहरूका प्रसङ्गलाई विषय बनाइएको बताएकी छन् । श्रीगङ्गा शर्मा (२०८०) ले 'कृति समालोचना *ग्याब्रियले*' शीर्षकको लेखमा कल्पितका कथाले आधुनिक समाजको जीवन्त घटनाको चित्रण गरेको बताएका छन् । उनले सामाजिक, सांस्कृतिक गहन मूल्य र मान्यता बोकेको जनबोली र समाजको घटना दुरुस्त टिपेर लेखिएको अन्तरदेशीय कृतिका रूपमा यसको चर्चा गरेका छन् । अम्बिका अर्याल (२०८१) ले 'प्रेम, आस्था र आदर्शको प्रतिबिम्ब : *ग्याब्रियले*' शीर्षकको लेखमा कल्पितका कथाले प्रेमका चास्नीभित्र वर्गीय विभेद, सामाजिक, भौगोलिक विभेद, लैङ्गिक विभेद, राजनीतिक विकृति र विसङ्गतिमाथि प्रहार गरेको बताएकी छन् । उनले नि:स्वार्थ प्रेमको शक्तिका माध्यमबाट जीवन पढाउँदै शालीन क्रान्ति गरेका कथाकारका कथामा प्रेम, आस्था र आदर्शको प्रतिबिम्ब पाइने विचार प्रस्तुत गरेकी छन् । मन्जिला अनिल (२०८१) ले '*ग्याब्रियले* अर्थात् ईश्वर नै मेरो शक्ति' शीर्षकको लेखमा कल्पितका कथामा वास्तविकताबाट विषय चयन गरिएको बताएकी छन् । उनका कथा मझौला आयामका र उज्यालोको सङ्केत बोकेर आख्यानको भीडमा उभिएको ठानेकी छन् । यस्तै श्रीबाबु कार्की उदास (२०८१) ले '*ग्याब्रियले* - रुझाएको मस्तिष्क' शीर्षकको लेखमा कल्पितका ग्याब्रियलेभित्रका कथाले आफ्नो मस्तिष्कमा निकै प्रभाव पारेको बताएका छन् । उनले हरेक कथाहरू सुन्दर मात्र नभएर लेखन शैली अब्बल र कथाको बुनोट कसिलो लागेको बताउँदै कतिपय कथामा प्रवासीय सौन्दर्य मगमगाएको तर्क गरेका छन् ।

*ग्याब्रियले*भित्रका कथामा प्रस्तुत विषय, शैली तथा सन्देशका बारेमा चर्चा गरिएका यी पूर्वअध्ययनले प्रेमको आदर्शीकरणका पक्षमा भने अध्ययन हुन बाँकी रहेको तथ्यलाई स्पष्ट पारेका छन् । तसर्थ यस किसिमको शोधअन्तरालका सापेक्षमा प्रस्तुत कृतिमा अभिव्यक्त प्रेमको आदर्शीकरणसम्बन्धी विश्लेषण गरिनु सान्दर्भिक देखिएको छ । तसर्थ आदर्श मित्रता, भौतिक मोहको त्याग, नि:स्वार्थता, दीर्घकालीनता, आत्मिकताजस्ता प्रेमको आदर्शीकरणसम्बन्धी मान्यता कल्पितका कथामा कसरी प्रस्तुत भएका छन् भन्ने जिज्ञासाको समाधानका लागि निर्धारित कृतिको सूक्ष्म विश्लेषण यसमा गरिएको छ ।

## शोधविधि

अध्ययनको मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि आवश्यक सामग्रीको सङ्कलन

पनि विश्लेष्य कथाहरूको पठनबाट गरिएको छ । यस क्रममा कल्पितको *ग्याब्रियले* कथासङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यसका साथै प्रेमको आदर्शीकरणसम्बन्धी अवधारणा प्रस्तुत गरिएका विभिन्न अध्ययन तथा कल्पितका चयनित कथाका बारेमा गरिएका अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसर्थ पुस्तकालयीय कार्यबाट प्राथमिक तथा द्वितीयक दुवै किसिमका सामग्री लिएर यो अध्ययन सम्पन्न गरिएको छ । प्रस्तुत अध्ययनमा पाश्चात्य दार्शनिक प्लेटो, अरस्तु र स्टनबर्गको प्रेमको आदर्शीकरणसम्बन्धी अवधारणालाई सैद्धान्तिक आधार मान्दै यसभित्रका आदर्श मित्रता, भौतिक मोहको त्याग, नि:स्वार्थता, दीर्घकालीनता, आत्मिकताजस्ता बुँदाहरूलाई विश्लेषणका ढाँचाका रूपमा लिइएको छ । यसमा प्रेमको आदर्शीकरणसम्बन्धी सोही बुँदाका आधारमा कल्पितका निर्धारित कथाहरूको विश्लेषण गरिने भएकाले निगमनात्मक विधिको प्रयोग गरिएको छ । यसका साथै यस अध्ययनमा कल्पितका *ग्याब्रियले* कथासङ्ग्रहभित्रका प्रेमको आदर्श रूप प्रस्तुत भएका कथाहरूलाई चयन गरी विश्लेषण गरिने भएकाले सामग्री छनोटको सोद्देश्यमूलक नमुना छनोट विधिको अवलम्बन गरिएको छ ।

## प्रेमको आदर्शीकरणसम्बन्धी अवधारणा

प्रेमको आदर्शीकरणसम्बन्धमा विभिन्न किसिमका अवधारणाहरू विकसित भएका छन् । यसलाई सिद्धान्तका रूपमा भन्दा पनि अवधारणाका रूपमा लिनुपर्ने हुन्छ । प्रेम र आदर्शको सम्मीलनबाट प्रेमको आदर्शीकरण पदावलीको निर्माण भएको छ । यसले प्रेमको आदर्श रूप वा आदर्श प्रेमलाई द्योतन गर्दछ । आदर्श प्रेम नि:स्वार्थ, निष्ठावान र शुद्ध हुन्छ । यसमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समर्पण, सम्मान र विश्वासको उच्चतम स्तर कायम रहन्छ । यो प्रेम कुनै लोभ, मोह वा क्षणिक इच्छामा आधारित हुँदैन । यसलाई आत्मिक, आध्यात्मिक र अभौतिक सम्बन्धका रूपमा लिने गरिन्छ । प्रेमको आदर्शीकरण भनेको प्रेमलाई यथार्थभन्दा उच्च, शुद्ध र परिपूर्ण रूपमा चित्रण गर्ने प्रवृत्ति हो । यसले प्रेमलाई केवल भावनात्मक वा भौतिक सम्बन्धका रूपमा मात्र नभई, आत्मिक, आध्यात्मिक एवम् नैतिक दृष्टिकोणले पनि हेर्ने गर्छ । आदर्शीकरण गर्दा प्रेमलाई त्रुटिहीन, नि:स्वार्थ र अमूल्य निधिका रूपमा प्रस्तुत गरिन्छ ।

प्रेमको आदर्शीकरण विविध तरिकाबाट गर्ने गरिन्छ । परिकल्पनात्मक, आध्यात्मिक, नैतिक एवम् साहित्यिक रूपमा प्रेमको आदर्शीकरण गरिने पद्धति चलिआएको छ । परिकल्पनात्मक आदर्शीकरणले प्रेमलाई सम्पूर्ण सुखको स्रोतका रूपमा चित्रण गर्दै प्रेमीप्रेमिकाहरूलाई पूर्ण रूपमा समझदार, नि:स्वार्थ र समर्पित ठान्दछ । आध्यात्मिक आदर्शीकरण प्रेमलाई आत्मिक वा धार्मिक स्तरमा उचाइमा राखी ईश्वर प्राप्तिको मार्गका रूपमा हेर्दछ । नैतिक आदर्शीकरणले प्रेममा पूर्ण विश्वास, त्याग र निष्ठाको अपेक्षा गर्दै प्रेमलाई बलिदान वा महान कर्मका रूपमा लिन्छ । साहित्यिक आदर्शीकरण प्रेमकथाका माध्यमबाट प्रेमलाई परिपूर्ण, अनन्त र निष्कलङ्क देखाउँछ । नि:स्वार्थता, अनन्तता, अपरिवर्तनीयता, पवित्रताता, आध्यात्मिकता, परस्पर सम्मान र समझदारी, बलिदान र समर्पण आदर्श प्रेमका प्रवृत्ति हुन् । यस सम्बन्धमा विभिन्न दार्शनिकले अघि सारेका दृष्टिकोणलाई यहाँ प्रस्तुत गरिएको छ :

## प्लेटोको प्रेम सिद्धान्त (**Platonic Idealism**)

प्लेटोका प्रेम सिद्धान्त वा प्लेटोनिक आदर्शवादले साँचो प्रेम क्षणिक र भौतिक सम्बन्धहरू नभएर उच्च स्तरको आध्यात्मिक वा बौद्धिक सम्बन्धमा पाइने धारणा राख्दछ । उनको *सिम्पोजियम* शीर्षकको पुस्तकमा प्रेम (एरोस) लाई आत्मालाई परम सत्य र सौन्दर्यतर्फ डोऱ्याउने शक्तिका रूपमा लिइएको

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

छ । यसको अर्थ प्रेमको सर्वोच्च रूप शारीरिक आकर्षणमा नभई ज्ञान र भलाइको खोजीमा केन्द्रित हुन्छ । उनका दृष्टिकोणमा रोमान्टिक, शारीरिक वा भौतिक प्रेम गहिरो एवम् अनन्त प्रेमको छायाँ मात्र हो । आत्मिक प्रेम शुद्ध विचारहरूको क्षेत्रमा अस्तित्वमा रहन्छ । उनका विचारमा संसारका सबै प्रेम अनुभवहरू एक उच्च, परा-स्थानीय आदर्श प्रेमका अपूर्ण अनुकरणहरू मात्र हुन् । प्रेमको उच्चतम रूप भौतिक सुखसयलमा नभई आत्मालाई सत्यतर्फ डोऱ्याउने गहन, बौद्धिक एवम् आध्यात्मिक सम्बन्धहरूमा पाइन्छ (प्लेटो, सन्, १९९४, पृ. १४) । प्लेटोले आत्मिक प्रेमको सम्बन्ध चेतना र अध्यात्मसँग जोडेका छन् ।

प्लेटोका अनुसार धन, सम्पत्ति वा राजनीतिक शक्तिको दबाबमा परेर प्रेममा समर्पण गरिनु अपमानजनक हुन्छ । डर वा लोभबाट गरिने प्रेम वास्तविक प्रेम होइन । यस्ता चीजहरू स्थायी हुँदैनन् र तिनीहरूबाट कहिल्यै उदार मित्रता जन्मिँदैन । सम्मानजनक प्रेमको एक मात्र रूप पुण्य (गुण) को मार्ग हो । यदि कसैले अरूलाई सुधार्ने, ज्ञान बढाउने वा अन्य कुनै पुण्य प्राप्त गर्न मद्दत गर्ने उद्देश्यले सेवा गर्छ भने त्यस्तो सेवा चाप्लुसी वा अपमानजनक ठानिँदैन । प्रेम र दर्शनशास्त्र एकै ठाउँमा आउनुपर्छ । जब प्रेमी र प्रेमिका दुवैले नियम अनुसरण गरी नि:स्वार्थ प्रेम गर्दछन् भने त्यो दिगो हुन्छ । प्रेमिकाले आफूलाई शिक्षित बनाउन र असल बनाउन प्रेमीबाट सिक्न चाहेको अवस्थामा प्रेम ज्ञान, गुण र शिक्षाको माध्यम बन्छ (प्लेटो, सन्, १९९४, पृ. १३) । यसरी प्लेटोले आदर्श प्रेमलाई शिक्षाको माध्यमका साथै शारीरिक आकर्षणबाट सुरु भई आत्मिक प्रेम हुँदै अन्तत: दिव्य सौन्दर्यतर्फ उन्मुख हुने सिढीका रूपमा परिभाषित गरेका छन् ।

## अरस्तुको प्रेमसम्बन्धी विचार

ग्रिसेली दार्शनिक अरस्तु प्रेम (eros) लाई प्लेटोजस्तै एक छुट्टै दार्शनिक अवधारणा रूपमा लिँदैनन् । यसको सट्टा उनी मित्रता (philia) को चर्चा गर्छन् । उनका अनुसार मित्रता असल र नैतिक जीवनका लागि अत्यावश्यक हुन्छ । उनले मित्रताकै चर्चाका क्रममा प्रेमसम्बन्धी भावसमेत प्रस्तुत गरेको पाइन्छ । यस क्रममा उनले मित्रतालाई उपयोगिताको मित्रता, आनन्दको मित्रता र उत्तम मित्रता गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् (अरस्तु, सन् १९९९, पृ. १४२) । उनले उपयोगिताको मित्रता पारस्परिक लाभमा आधारित हुने, लाभ समाप्त भएपछि टुट्ने किसिमको भएकाले अस्थायी हुने बताएका छन् । आनन्दको मित्रता प्राय: युवा उमेरका मानिसहरूमा र शारीरिक आकर्षणमा आधारित प्रेम सम्बन्धमा देखिने भएकाले आनन्द समाप्त भएपछि मित्रता पनि टुट्ने मत राखेका छन् । उनका विचारमा उत्तम मित्रता सबैभन्दा उच्च र मूल्यवान प्रेमको रूप हो । यो पारस्परिक सम्मान र सद्गुणको साझा खोजीमा आधारित हुने भएकाले दीर्घकालीन हुन्छ । यस किसिमको सम्बन्ध केवल असल र नैतिक मानिसहरूबिच सम्भव हुने उनको मत छ । प्रत्येक व्यक्तिले अर्काको हित चाहने यस किसिमको मित्रतालाई उनले प्रेमको सर्वोत्तम रूप मानेका छन् । अरस्तुको विचारमा सत्य प्रेमले (उत्तम मित्रताजस्तै) एक-अर्कालाई राम्रो व्यक्ति बन्न मद्दत गर्दछ (पृ. १४३) । प्रेम नैतिकताको सिद्धान्तसँग गहिरो रूपमा जोडिएको हुनाले यसले नैतिक उकृष्टतामा बढावा दिनुपर्छ भन्ने भाव उनले प्रस्तुत गरेका छन् । यसरी प्लेटोले प्रेमलाई एक अमूर्त आदर्शको रूपमा हेरेका छन् भने अरस्तुले प्रेमलाई व्यवहारिक रूपमा हेर्दै मानवजीवनको समृद्धिसँग जोडेका छन् ।

## स्टर्नबर्गको त्रिकोणात्मक प्रेम सिद्धान्त

मनोवैज्ञानिक रबर्ट स्टर्नबर्गले त्रिकोणात्मक प्रेम सिद्धान्त (Triangular Theory of Love) को विकास गरेका छन् । उनले प्रेमलाई घनिष्ठता (Intimacy), उत्साह (Passion) र प्रतिबद्धता (Commitment) गरी तीन मुख्य तत्त्वहरूमा वर्गीकरण गरेका छन् (स्टर्नबर्ग, सन् १९८८, पृ. २१) । घनिष्ठता भावनात्मक निकटता, सम्बन्ध र आत्मीयतासँग सम्बन्धित छ । यसले प्रेमको आधार निर्माण गर्ने गहिरो भावनात्मक सम्बन्धलाई प्रतिनिधित्व गर्छ । यसले दुवै व्यक्तिहरूलाई एक अर्काको सोच र भावनामा सहभागी बनाएर विश्वास बढाउने एवम् भविष्य नै साझा गर्ने चाहना बोकेको हुन्छ (स्टर्नबर्ग, सन् १९८८, पृ. २३) । यस्तै उत्साह शारीरिक आकर्षण र रोमान्टिक इच्छाको प्रतिरूप हो । यसले शारीरिक आकर्षण, रतिको चाहना र तीव्र रोमान्टिक भावनाहरूका माध्यमबाट प्रेम गर्ने अभिलाषा लिएको हुन्छ । उत्साहले प्रेमलाई सुरु गर्न र चाँडै बलियो बनाउन मद्दत गरे तापनि निरन्तरता दिनका लागि अन्य तत्वहरूको सहायता लिनु आवश्यक ठान्दछ । प्रतिबद्धताले सम्बन्धलाई लामो समयसम्म कायम राख्ने निर्णय लिन्छ । यसले प्रेम केवल प्राप्ति मात्र नभएर दीर्घकालीन रूपमा टिकाइ राख्ने र असल चरित्र प्रदर्शन गर्ने पाटो पनि भएको मान्यता राख्दछ । यो प्रेमको स्थायित्व र बलियो भविष्य निर्माण गर्नका लागि अनिवार्य तत्त्व हो (स्टर्नबर्ग, सन् १९८८, पृ. २७) । स्टर्नबर्गले यी तीन तत्त्वका आधारबाट त्रिकोणात्मक प्रेमका प्रकारहरूको विभाजन गरेका छन् ।

स्टर्नबर्गले तीन तत्त्वहरूको विभिन्न संयोजनबाट केवल घनिष्ठ प्रेम, केवल उत्साहयुक्त प्रेम, रिक्त प्रेम, रोमान्टिक प्रेम, मित्रवत् प्रेम, बेकुफीपूर्ण प्रेम, पूर्ण प्रेम गरी सात प्रकारमा प्रेमलाई वर्गीकरण गरेका छन् (स्टर्नबर्ग, सन् १९८८, पृ. ३५) । उनका अनुसार केवल घनिष्ठ प्रेममा आत्मीयता मात्र हुन्छ, तर उत्साह र प्रतिबद्धता हुँदैन । यस प्रकारको प्रेम गहिरो मित्रताका रूपमा पनि देखापर्दछ । यसमा मानिसहरू एक अर्कामा भावनात्मक रूपमा जोडिएका हुन्छन् तर शारीरिक सम्बन्ध र दीर्घकालीन प्रतिबद्धताका कुनै विचार हुँदैन । केवल उत्साहयुक्त प्रेम पहिलो नजरको प्रेम वा मोहमा आधारित हुन्छ । यो शारीरिक आकर्षणमा आधारित हुन्छ तर गहिराइको अभाव हुन्छ । यो प्रेम तीव्र तर अस्थायी एवम् क्षणिक खालको हुन्छ । यो केवल मनोरञ्जन, आकर्षण र उत्तेजनामा आधारित हुन्छ । यस किसिमको प्रेममा उत्तेजना कम हुँदा प्रेम पनि सर्छ (स्टर्नबर्ग, सन् १९८८, पृ. ४०) । उत्साह र आत्मीयता विनाको प्रेम रिक्त प्रेम हो । यसमा केवल प्रतिबद्धता हुन्छ । यस्ता प्रेम प्रायः दीर्घकालीन सम्बन्धहरूमा देखिन्छ । यसमा एक समय प्रेम भएको तर त्यो घट्दै गएर केवल प्रतिबद्धता र जिम्मेवारीमा मात्र सीमित बन्न पुगेको स्थिति देखा पर्दछ । यस प्रकारको प्रेममा एक अर्कालाई चिन्ने र प्रेम गर्ने समय पनि मिल्दैन । रोमान्टिक प्रेम घनिष्ठता र उत्साहको सङ्गम हो । यसमा भावनात्मक र शारीरिक दुवै रूपमा आकर्षण रहन्छ । तर दीर्घकालीन प्रतिबद्धता देखिँदैन । यसमा भावना र आकर्षणको जोश हुन्छ तर त्यसको स्थायित्व प्रायः सङ्कुचित हुन्छ (स्टर्नबर्ग, सन् १९८८, पृ.४५) । स्टनबर्गले सुरुका छ प्रकारका प्रेममा दीर्घकालीनता र भावनात्मक गहिराइको कमी हुने बताएका छन् ।

स्टनबर्गका अनुसार मित्रवत् प्रेम घनिष्ठता र प्रतिबद्धताबाट निर्माण भएको हुन्छ । यसमा गहिरो मित्रता र समर्पण हुन्छ । प्रायः दीर्घकालीन वैवाहिक जीवनमा यस किसिमको प्रेम देखिन्छ । यस्तो प्रेममा भावनात्मक जडान र प्रतिबद्धता बलियो हुनुका साथै सम्बन्ध दीर्घकालीन र स्थिर हुन्छ । यहाँ शारीरिक आकर्षणको अनुपस्थितिमा पनि प्रेमीप्रेमिका एकअर्कालाई सम्मान र भरोसाका साथ प्रेम गर्छन् (स्टर्नबर्ग,

सन् १९८८, पृ. ४८) । बेवकूफीपूर्ण प्रेम उत्साह र प्रतिबद्धताले भरिएको हुन्छ । यसमा आत्मीयता भने हुँदैन । यस प्रकारको प्रेममा तीव्र आकर्षण हुन्छ तर सम्बन्धको गहिराइ हुँदैन । यो प्रेम सस्तो र अपूर्ण हुन्छ । तसर्थ समयसँगै यसको स्थायित्व सकिन सक्छ । पूर्ण प्रेम घनिष्ठता, उत्साह र प्रतिबद्धतायुक्त हुन्छ । यसलाई आदर्श प्रेमको रूप मानिन्छ । यो प्रेम सबैभन्दा बलियो र सम्पूर्ण प्रकारको प्रेम हो । यसमा भावनात्मक जडान, शारीरिक आकर्षण र दीर्घकालिक प्रतिबद्धता हुन्छन् । यसमा आत्मीयता, उत्साह र प्रतिबद्धताले एकसाथ काम गर्छन् । यो प्रेम दुवै पक्षको राम्रो दृष्टिकोण र प्रयासहरूको परिणाम हो (स्टर्नबर्ग, सन् १९८८, पृ. ५३) । स्टर्नबर्गका सात प्रकारका प्रेममध्ये पूर्ण प्रेम नै प्रेमको आदर्श रूप हो ।

यी तीन दार्शनिकका अवधारणाभित्र आदर्श मित्रता, भौतिक मोहको त्याग, निःस्वार्थता, आत्मिकताजस्ता प्रवृत्तिहरू प्रेमको आदर्शीकरणका विशेषताका रूपमा देखा परेका छन् । यिनै प्रवृत्तिहरू कल्पितका कथामा कसरी प्रस्तुत भएका छन् भन्ने तथ्यको विश्लेषणबाट चयनित कृतिभित्र अभिव्यक्त प्रेमको आदर्शीकरणको निरूपण गर्न सकिन्छ ।

## प्रेमको आदर्शीकरणसम्बन्धी मान्यताका सापेक्षमा कल्पितका कथाको विश्लेषण

हरिश कल्पितको *ग्याब्रियले* कथासङ्ग्रहभित्रका कथामा प्रेमको आदर्श रूपलाई प्रस्तुत गरिएको छ । तसर्थ उनका कथालाई ग्रिसेली दार्शनिक प्लेटो, अस्टिोटल र अमेरिकी रोबर्ट स्टर्नबर्गको आदर्श प्रेमसम्बन्धी अवधारणाका सापेक्षमा विश्लेषण गर्न सकिन्छ । कल्पितका कथामा यी तीन दार्शनिकले प्रस्तुत गरेका आदर्श मित्रता, भौतिक मोहको त्याग, निःस्वार्थता, दीर्घकालीनता, आत्मिकताजस्ता प्रेमको आदर्शीकरणसम्बन्धी मान्यताका सापेक्षमा केकस्ता प्रवृत्तिहरू भेटिन्छन् भन्ने तथ्यको विश्लेषण यसमा गरिएको छ ।

### आदर्श मित्रता

कल्पितका कथामा साथीसाथीबिचको सम्बन्ध सुमधुर र आदर्श प्रकृतिको देखिन्छ । उनका कथामा साथीको निःस्वार्थ सेवा गर्ने प्रवृत्तिका पात्रहरूको उपस्थिति देखिन्छ । 'ग्याब्रियले' शीर्षकको कथामा हरिशको साथीका रूपमा देखापरेको थोमसले साथीसँग मनका सबै भावनाहरू साटेको छ । उसले आफ्नी श्रीमतीसँगको सम्बन्ध बिग्रिएको र छोरीलाई समेत भेट्न नपाएको मानसिक पीडालाई नलुकाइकन साथीसँग भन्नु (पृ. ६९) मित्रप्रतिको विश्वास हो । थोमसको पारिवारिक सम्बन्धमा आएको दरारलाई सुनिसकेपछि आफूले सकेको सहयोगमा जुटेको र उत्तिकै मर्माहत भएको साथीका रूपमा हरिशको उपस्थिति यस कथामा भएको छ । यसबाट परेको चोटलाई "म किंकर्तव्यविमूढ भएँ, ... त्यति सानो कुरामा सम्बन्ध नै टुटाउनुपर्ने ? ... के यस्तै हो प्रेम ?" (पृ. ७८) भन्ने उसको कथनले प्रस्ट पारेको छ । एउटा साथीको पीडामा दुखेको अर्को साथीको मन र सकेसम्म गरेको सहयोग नै आदर्श मित्रताका रूपमा यस कथामा देखापरेको हुनाले कल्पितका कथामा प्रेमका आदर्शीकरण पाइन्छ । तर शीर्ष कथामा जस्तो आदर्श मित्रताको रूप अन्य कथामा सशक्त नबनेको हुनाले यस उपशीर्षकअन्तर्गत एउटा कथालाई मात्र विश्लेषण गरिएको छ ।

### भौतिक मोहको त्याग

कल्पितका कथामा शारीरिक आकर्षण, भौतिक वस्तुप्रतिको मोह तथा लोभलाई त्याग्नुपर्ने विचार प्रस्तुत गरिएको छ । उनको 'मोहभङ्ग' शीर्षकको कथामा सम्पत्तिमा आँखा गाड्ने देवर र देवरानीलाई सम्बोधन गर्दै भाउजू लक्ष्मीले भनेको कथनमा पारिवारिक सम्बन्ध भन्दा सम्पत्तिप्रतिको मोह नरहेको तथ्य प्रस्ट हुन्छ । देवर गोविन्दलाई हुर्काउने, बढाउने र पढाउने जिम्मा लिएकी भाउजूको निःस्वार्थ प्रेमलाई समाख्याताको यस कथनले स्पष्ट पारेको छ : "गोविन्दको पढाइका निम्ति तिनले आफ्नो गहनासमेत भनिनन्, ...उसले जन्म दिने आमालाई समेत बिर्सिसकेको थियो" (पृ.२३) । यस कथनमा भौतिक वस्तुप्रतिको मोहभन्दा देवरप्रतिको भाउजूको आदर्श प्रेमभाव प्रस्ट बनेको छ । यति मात्र होइन, श्रीमती शुभद्राको उक्साहटमा लागेर आमासमान भाउजूसँग अंश माग्दै अभद्र व्यवहार गर्ने गोविन्दलाई प्रेमपूर्वक सम्झाउँदै लक्ष्मी भन्छिन् : "तपाईं किन जाने बाबु यो घरबाट, हामी नै जान्छौं । यो सब तपाईंको हो । केको अंशवण्डा गर्नु ! को नै छ र हाम्रो ।" (पृ. २६) उनको यस कथनबाट पनि अबुझ र घमण्डीसँग जुधेर होइन प्रेमपूर्वक व्यवहार गर्नुपर्ने सन्देश मुखरित भएको छ । यसरी यस कथामा भौतिक सुखसुविधा र मोहभन्दा पारिवारिक प्रेमको आदर्श रूपलाई भाउजूको सोच र व्यवहारका माध्यमबाट प्रस्तुत गरिएको हुनाले प्रेमको आदर्शीकरण हुन पुगेको छ ।

### निःस्वार्थता

कल्पितका कथामा स्वार्थरहित प्रेमको आग्रह गरिएको छ । उनका कथामा परिवारभित्रका प्रेम होस् या बाहिरका नै किन नहोस्, सबै खालका प्रेममा स्वार्थ भाव राख्न नहुने तथ्यलाई प्रस्तुत गरिएको छ । परिवारभित्र सासू र बुहारीबिचको प्रेमसम्बन्ध निःस्वार्थ किसिमको देखिन्छ । उनको 'मोहभङ्ग' कथामा निःस्वार्थ प्रेमसम्बन्ध बुहारी लक्ष्मी र सासूको वार्तालापका माध्यमबाट प्रस्ट हुन्छ । सासू भन्छिन् : "लक्ष्मी तँ त मेरी छोरी होस्, बुहारी होइन । तैँले जस्तो त छोरीले पनि गर्दिन होली । तँजस्ती बुहारी पाएँ । यो मेरो पूर्वजन्मको तपको फल हो ।" (पृ. २२) सासूको यस कथनमा छोरीभन्दा प्यारी र निःस्वार्थ प्रेम गर्ने बुहारीप्रतिको प्रेमभावलाई व्यक्त गरिएको छ ।

कल्पितको 'बिहे' शीर्षकको कथामा दिदीबहिनीको निःस्वार्थ प्रेमको चित्रण गरिएको छ । दिदीले बहिनीको सुखदुखमा आफू पनि सँगै सुखी र दुःखी बनेको भाव यसमा प्रस्तुत भएको छ । यसमा धनी र पढेको केटासँग बिहे गरेकी बहिनी कुलतमा लागेको लोग्नेका कारण एड्स रोगबाट सङ्क्रमित हुँदा आफूले जीवनभर कामना गरेको खुसी मिल्दा समेत रमाउन नसकेकी दिदीको कारुणिक अवस्थालाई प्रस्तुत गरिएको छ । यसले आफ्नो व्यक्तिगत खुसीभन्दा बहिनीको खुसीमा रमाउने दिदीको आदर्श प्रेमलाई उजागर गरेको छ । "मलाई टिभीसिभी चाहिँदैन, मेरो विश्वासको बली नचडाउनुहोस् । त्यति भए पुग्छ" (पृ. ३४) भन्ने असिमाको कथनले बहिनीमाथि ज्वाइँले दिएको धोका र त्यसबाट जागृत सचेतनाका माध्यमबाट प्रेम र भरोसाको अपिल गरेको छ । यस कथाले प्रेम र विश्वासबिचको सम्बन्ध तथा निःस्वार्थ प्रेम एवम् आदर्श भगिनी प्रेमलाई समेत प्रस्तुत गरेको छ ।

कल्पितको 'मोहजाल' कथामा आमा र देशलाई निःस्वार्थ प्रेम गर्ने पात्रको उपस्थिति पाइन्छ । यसमा मातृप्रेम तथा देशप्रेमको आदर्शलाई उष्माको छोराका माध्यमबाट प्रस्तुत गरिएको छ । विदेसिएको छोरालाई कुर्दाकुर्दै आमाको निधन भएपछि ठुलो पश्चात्तापमा परेको छोराको कारुणिक दृश्यलाई यसमा प्रस्तुत

गरिएको छ : मैले कहिल्यै सोचिनँ कि मम्मीले मलाई कति माया गर्नुहुन्थ्यो भनेर । उहाँको मायालाई बुझ्ने कोसिस गरिनँ । आफ्नो स्वार्थका लागि बिर्सिएँ । आफ्नो कर्तव्यबाट चुकेँ । मम्मीको मायालाई त गुमाएँ, गुमाएँ अब हजुरको मायालाई पनि गुमाउन चाहन्नँ म (पृ. ५८) । बाबुसँग छोराले गरेको यस वार्तालापले सन्तानप्रतिको आमाको प्रेम मात्र नभएर ढिलै भए पनि सन्तानमा पलाएको मातृत्व प्रेमलाई समेत देखाइएको छ । यस्तै यसमा अमेरिकामा भासिएको छोराले फर्केर देशकै सेवा गर्ने प्रण गरेको तथ्यलाई बाबुका कथनमार्फत यसरी प्रस्तुत गरिएको छ : "हाम्रो छोरा फर्कियो उष्मा, हाम्रो छोरा फर्कियो । ऊ अब यहीँ बस्छ । तिमीले भनेको जस्तो आफ्नै देशमा, आफ्नै माटोमा, नेपाल आमाको सेवा गरेर" (पृ. ५९) । उनको यस कथनले देशको सेवाका लागि फर्किएका युवाप्रतिको सकारात्मक भाव तथा देशप्रेमका माध्यमबाट निःस्वार्थ एवम् आदर्श प्रेमलाई प्रस्ट पारेको छ ।

कल्पितको 'मेरी प्यारी छोरी' शीर्षकको कथाले आमाछोरी एवम् बाबुछोरीको निःस्वार्थ र आदर्श प्रेमलाई विषय बनाएको छ । यसमा लैङ्गिक समानताको वकालत गर्दै छोरीप्रतिको प्रेमभाव प्रकट गरिएको छ । छोरा र छोरी जे भए पनि सन्तान समान हुन् र समान व्यवहार गरिनुपर्छ भन्ने भावका माध्यमबाट यस कथामा छोरीप्रतिको स्नेह तथा निःस्वार्थ प्रेमलाई प्रस्तुत गरिएको छ । श्रीमती दीपाले छोरी जन्मिए के गर्ने भन्ने प्रश्न गरिरहँदा श्रीमान् हिमांशुले अभिव्यक्त गरेको कथनमा सोही भाव देखिन्छ । ऊ भन्छ : "जे भए पनि ठिकै छ । छोराछोरी एउटै हो, गर्नेले छोरीले पनि धेरै कुरा गर्न सक्छिन् । नगर्नेले छोरो भए पनि केही गर्दैन ।....वस, वातावरण अनुकूल बनाइदिनुपर्छ । बाबुको नाम राख्न सक्छे, कुलको इज्जत राख्न सक्छे, अझ भनुँ भने देशको नाम राख्न सक्छे" (पृ.८८) भन्ने हिमांशुको कथनमा छोरीप्रतिको निःस्वार्थ एवम् आदर्श प्रेम भाव पाइन्छ ।

कल्पितको 'ग्याब्रियले' कथामा आफ्नो जन्मभूमिप्रतिको निःस्वार्थ प्रेमलाई मिकाका माध्यमबाट प्रस्तुत गरिएको छ । यस्तै छोरी ग्याब्रियलेलाई आफूबाट छुटाएर डिबोर्सको मुद्दा दायर गरेकी मिकाप्रतिको आक्रोश तथा छोरीलाई भेट्ने हुटहुटी थोमसमार्फत अभिव्यक्त गरिएको छ । थोमसको अनुहारलाई नियाल्दै समाख्याताले लगाएको अनुमानमा बाबुछोरीको प्रेमभाव प्रकट भएको छ । "किन एउटा बाबुलाई आफ्नो छोरी भेट्नबाट वञ्चित गरिरहेको छ ? किन मैले आफ्नी छोरी भेट्न पाउँदिन ? मायाले लिन पाउँदिन ? आखिर म पनि त बाबु हुँ ग्याब्रियलेको, मिका जत्तिकै मेरो पनि अधिकार छ मेरी छोरीलाई माया गर्ने" भन्ने समाख्यातामार्फत अनुमान गरिएको थोमसको मनोवृत्तिले बाबुछोरीप्रतिको अगाध स्नेहलाई प्रस्ट पारेको छ । यसरी विभिन्न कारणले छुटिन पुगेका बाबुआमाको लडाइँको सिकार बन्न पुगेकी छोरीलाई भेट्न मात्रै पाए पनि हुने थियो भन्ने उसको बाबुको अपेक्षाका माध्यमबाट यसमा बाबुछोरीको निःस्वार्थ एवम् आदर्श प्रेमलाई प्रस्तुत गरिएको छ ।

### आत्मिकता

अमेरिकी चिन्तक स्टर्नबर्गले भनेजस्तै कल्पितका कथामा पूर्ण प्रेमको रूप भेटिन्छ । आत्मीयता, उत्साह र प्रतिबद्धताले भरिएको आदर्श प्रेम कल्पितको 'पुष्पलता' कथामा प्रस्तुत भएको छ । यस कथामा त्याग, बलिदान र समर्पण भावयुक्त आदर्श प्रेमलाई प्रस्तुत गरिएको छ । यसमा आफूलाई क्यान्सर लागेको थाहा पाएपछि प्रेमिकाको सुखद भविष्यका लागि झुट बोल्न विवश अनुरागको सन्दर्भबाट निःस्वार्थ प्रेमलाई देखाइएको छ । मनभरि माया लुकाएर पनि प्रेमिकाको खुसी चाहने अनुरागलाई स्मरण गर्दै पुष्पलताले

भनेको यस कथनले समेत प्रेमको आदर्श रूपलाई पुष्टि गरेको छ : “के प्रेम प्राप्तिमा मात्रै हो र ? त्यो भन्दा ठुलो त त्यागमा हुन्छ । के राधाले कृष्णलाई गरेको प्रेम होइन र ? .... प्रेम अमर छ, अनमोल छ, अजर छ” (पृ.४३) । यसले प्रेममा प्राप्तिको मात्र लोभ गर्न नहुने र त्याग नै प्रेमको शक्ति भएको तथ्यलाई प्रस्तुत गरी आत्मिक प्रेमको आदर्श रूपलाई देखाएको छ ।

कल्पितको ‘उहाँहरू आउनुभो मम्मी ?’ शीर्षकको कथामा प्रेमीको पर्खाइमा रहेकी प्रेमिकाको आदर्श प्रेमलाई प्रस्तुत गरिएको छ । आफूलाई असाध्यै माया गर्ने प्रेमीसँग वैवाहिक सम्बन्धमा बाँधिन तत्पर प्रेमिकाको पर्खाइ प्रतिकूल बनिदिएको छ । बिहेको तयारीका लागि आउँदै गर्दा बाटोमा ज्यान गुमाएका प्रेमीको बाटो हेर्दाहेर्दै विक्षिप्त बनेकी प्रेमिकाको पीडालाई गृष्मा पात्रमार्फत प्रस्तुत गरिएको छ । बेहोसीमै पनि उसले आफूलाई प्राणभन्दा प्यारो मान्ने प्रेमी क्याप्टेन विक्रमको स्मरण गरिरहेकी छ । विक्रमको “तिमी त मेरी मनकी रानी हौ नि ! मेरो हृदयमा बस्छ्यौ” भन्ने कथनले पनि गृष्माप्रति विक्रमको अगाध प्रेमलाई प्रस्ट पारेको छ । यसरी एकअर्कालाई असाध्यै माया गर्ने प्रेमिल जोडीको विछोड भएको तर अझै पनि विक्रमकै यादमा तड्पिएकी गृष्माको अपेक्षाका माध्यमबाट आत्मिक प्रेमको आदर्श रूपलाई यसमा प्रस्तुत गरिएको छ ।

कल्पितको ‘बधाई छ देवयानी’ शीर्षकको कथामा राजनको आत्मिक प्रेमको आदर्श रूपलाई विषय बनाइएको छ । अनुहार मिलेकै भरमा विदेशमा रहेको प्रेमीको झल्को मेटाउन राजनसँग नजिकिएकी देवयानीसँग प्रेममा परेको राजनको मनोभाव र प्रतिकूल परिस्थितिलाई यस कथामा समेटिएको छ । राजनले देवयानीलाई गरेको नि:स्वार्थ प्रेमको आदर्श रूप उसलाई अर्कैको हातमा सुम्पेपछि उसैले परिचित गराएकी र बिहे गर्न आग्रह गरेकी केटीसँग विवाह बन्धनमा बाँधिएर प्रेमिकाको इच्छा पूरा गराउन सक्ने प्रेमीको चरित्रबाट प्रस्ट भएको छ । देवयानीले अह्राएको सबै काममा विनातर्क सहमत हुने राजन भन्छ : “म तिमीलाई यो खुसी पनि दिन चाहन्छु देवयानी । अनि तिम्रो बिहेमा पनि अवश्य आउने छु र भन्ने छु बधाई छ देवयानी” (पृ.९९) । यसरी राजनले देवयानीका खुसीका लागि उसैले बनाएको योजना र बोलाएको निम्तोमा समेत सहभागी भएर गरेको इज्जत आत्मिक प्रेमको दृष्टान्त बनेको छ ।

कल्पितको ‘कृष्ण सर’ शीर्षकको कथामा वर्गीय विभेदले आत्मिक प्रेमलाई नछेक्ने भाव प्रस्तुत गरिएको छ । उच्च वर्गमा जन्मेहुर्केकी सुशीलाको निम्न वर्गका कृष्णसरसँग भएको प्रेम र विवाहका माध्यमबाट वर्गका कारणले प्रेम तगारोमा नपर्ने भाव प्रकट गरिएको छ । सुशीलाका बाबुआमाले भने यस किसिमको सम्बन्धलाई पूर्णत: सहमति नदिएको र ससुरालीमा जान पनि अपमानबोध हुने भएकाले श्रीमतीलाई मात्रै पठाएर उनका खुसीमा रमाउन सक्ने कृष्ण सरको प्रेम नि:स्वार्थ किसिमको देखिन्छ । यसमा आफू क्यान्सरजस्तो डरलाग्दो रोगबाट पीडित हुँदासमेत श्रीमतीको आत्मबल बढाउन नबिर्सने कृष्णसरको अभिव्यक्तिले प्रेमको आदर्श रूपलाई द्योतन गरेको छ । उनी भन्छन् : “नरोऊ सुशीला, सबै ठिक भैहाल्छ नि ! तिमी धेरै पीर लिन्छौ । मलाई क्यान्सरले पनि तिमीबाट अलग गर्न सक्दैन । ...पीर नलेऊ ! सब ठिक हुन्छ” (पृ. ११०) । कृष्ण सरको यस कथनबाट आफू ससुरालीबाट अपहेलित भएरै पनि श्रीमतीलाई असाध्यै प्रेम गर्ने र उनकै खुसीमा हरपल लागिरहने प्रवृत्तिका साथै सच्चा प्रेममा गरिने श्रद्धा, स्नेह र भरोसाका माध्यमबाट आत्मिक प्रेमको आदर्श रूपलाई प्रस्तुत गरिएको छ ।

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

कल्पितको 'अनिमा' शीर्षकको कथामा प्रेमी र प्रेमिकाको आत्मिक प्रेमको आदर्शलाई प्रस्तुत गरिएको छ । एकले अर्कालाई जीवनभर साथ दिने वाचाकसमका साथ जोडिएका अनिमा र विवेकको प्रेममा वर्गीय विभेदको छाया पर्न पाएको छैन । छोराको खुसी नै आफ्नो खुसी ठान्ने बाबुआमाको साथले विवेक र अनिमाको प्रेम झाँगिदै गएर विवाहमा परिणत भएको छ । "अनिमाको जिन्दगीमा खुसी नै खुसी थियो । विवेकले अति नै माया गर्थ्यो । सासूससुरा पनि छोराकै खुसीका लागि भए पनि अनिमालाई मन पराएका थिए" (पृ. ११९) समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यिनीहरूको मिलनले परिवारमा उल्लास थपिएको छ । प्रेमको उपहारका रूपमा सन्तानको जन्म भइसकेपछि उनीहरूले देखेका सपना झन् मिठा छन् । यस कथामा प्रेमलाई विवाहमा परिणत गरेर आदर्श प्रेमीप्रेमिका आदर्श पतिपत्नीका रूपमा जीवनयापन गरिरहेको सन्दर्भमार्फत कथाकारले आत्मिक प्रेमको आदर्श रूपलाई प्रस्तुत गरेका छन् ।

कल्पितको 'भ्रमजाल' शीर्षकको कथामा पहिलो प्रेमलाई हृदयमा सजाएर बसेकी अनुको मनोभावनाका माध्यमबाट आत्मिक प्रेमको आदर्शलाई प्रस्तुत गरिएको छ । आफूले अर्कैसँग विवाह गरेर गइसकेपछि पनि मनबाट प्रेमी अमोल हट्न नसकेको अवस्थाको चित्रण यसमा गरिएको छ । विगतलाई स्मरण गर्दै भनेकी छ : "कसरी बाबुले लफङ्गा, फटाहाको पदवी दियो मेरो अमोललाई, आँखा रसाएर आयो । अमोलको निर्दोष अनुहार आँखा अगाडि नाच्न थाल्यो । म मेरो प्रेमलाई मर्न दिन्नँ । साँचो प्रेम गर्नेहरूलाई यस्तो बाधा अड्चनहरू आइपर्छ । ... म अमोलसँगै जीवन बिताउन चाहन्छु जस्तो दुःख आइपरे पनि ...कुनै हालतमा पनि अमोललाई छोड्ने छैन" (पृ. १३६) । अनुको यस कथनले सच्चा प्रेममा भएको समर्पण भावलाई प्रस्तुत गरेको छ । उसको अठोट र आत्मविश्वासका साथै परिवारसँगकै विद्रोहको तयारीलाई यसले प्रस्ट पारेको छ । तसर्थ यसमा आत्मिक प्रेमको आदर्श रूपको चित्रण गरिएको छ ।

कल्पितको 'एडमको प्रेम' शीर्षकको कथाले आत्मिक प्रेमको आदर्शलाई समलिङ्गी प्रेमसम्बन्धका माध्यमबाट प्रस्तुत गरेको छ । यसमा एडम र एलेक्स पुरुष समलिङ्गी जोडीका रूपमा देखिएका छन् । जापानलाई असाध्यै मन पराउने एडमले एलेक्सकै इच्छाअनुसार अमेरिकामा बस्ने योजना बनाएको छ । यसले आफ्नो प्रेमका लागि गरेको त्यागलाई द्योतन गरेको छ । ऊ भन्छ : "...एलेक्सलाई खासै जापान मन पनि पर्दैन । उसलाई अमेरिका बस्ने मन छ रे" (पृ. १५२) । उसको यस कथन सुनिसकेपछि साथी सिजन भन्छ : "गज्जब लाग्यो मलाई एडमको प्रेम देखेर । जो जापानको प्रशंसा गरेर नथाक्ने मान्छे, जापानजस्तो बस्न लायकको सुन्दर देश अमेरिका पनि हैन भन्ने व्यक्ति एलेक्सको प्रेममा डुबेर जापान छोड्ने निर्णय लिन्छ" (पृ. १५२) । उसको यस कथनले एडमले प्रेममा गरेको त्याग र आत्मिक प्रेमको आदर्श रूपलाई प्रस्ट पारेको छ ।

यसरी कल्पितका कथामा युगल जोडीका प्रेम मात्र नभएर देशप्रेम, मातृप्रेम, भातृप्रेम, मित्रवत प्रेम, भगिनी प्रेम तथा पितृप्रेमलगायतका निःस्वार्थ प्रेमका रूपहरू प्रस्तुत भएका छन् । उनका कथामा पारिवारिक प्रेमदेखि युगल प्रेमसम्ममा पनि शारीरिक भोक र लिप्सा अर्थात् भौतिक मोहभन्दा आत्मिक प्रेमतर्फकै पक्षधरता प्रबल बनेका छन् । उनका कथाले प्लेटो, अरस्तु र स्टर्नबर्गले अघि सारेका आदर्श प्रेमका रूपहरू यत्रतत्र भेटिन्छन् । यसर्थ प्रेमको आदर्शीकरणका दृष्टिले कल्पितका कथा सबल बनेका छन् ।

## निष्कर्ष

हरिश कल्पितका *ग्याब्रियले* कथासङ्ग्रहभित्रका कथामा प्रेमको आदर्शीकरण गरिएको छ । उनका कथामा आदर्श मित्रता, आदर्श पारिवारिक प्रेम, भौतिकता र शारीरिक लिप्साभन्दा निःस्वार्थ र आत्मिक प्रेमप्रतिको आकर्षण जस्ता भावको प्रबलता रहेको हुनाले प्रेमको आदर्शीकरण हुन पुगेको देखिन्छ । पश्चिमी दार्शनिकहरू प्लेटो, अरस्तु र स्टर्नबर्गका आदर्शप्रेमसम्बन्धी चिन्तनका सापेक्षमा हेर्दा कल्पितका कथाले युगल जोडीका प्रेममा मात्र नभएर मित्रप्रेम, भगिनी प्रेम, भातृप्रेम, मातृप्रेम, पितृप्रेम, पुत्रीप्रेम, देशप्रेम आदिमा समेत निःस्वार्थ र आदर्श प्रेमको वकालत गरेको छ । उनका कथामा प्रेम केवल प्राप्ति मात्र नभएर त्याग र समर्पणको हिस्सा भएको तथ्यलाई प्रस्तुत गरिएको छ । अविवाहित रहेरै होस् वा विवाहपछि पनि किन नहोस्, पहिलो प्रेम कहिल्यै नमर्ने र वास्तविक प्रेममा लेनदेन, शारीरिक तृष्णा तथा स्वार्थको बुँदसम्म पनि देखा नपर्ने भावलाई उनका कथाले समेटेका छन् । कल्पितका कथामा आदर्शप्रेमका विविध पाटाहरू प्रस्तुत गरिएको भए पनि तुलनात्मक रूपमा युगलबिचको आत्मिक प्रेमको आदर्शीकरण अझ प्रबल बनेको छ । उनका कथामा अभिव्यक्त प्रेमको आदर्शीकरण केवल आदर्श प्रेमको पाठ पढाउनका लागि मात्र नआएर कथालाई रोचक, सशक्त र ओजपूर्ण बनाउनका लागि सफल बनेको छ । तसर्थ कल्पितका कथामा गरिएको प्रेमको आदर्शीकरण भावगत एवम् शैलीगत दुवै हिसाबमा सशक्त देखिन्छ ।

## सन्दर्भग्रन्थसूची

अनिल, मञ्जिला (२०८१), '*ग्याब्रियले* अर्थात् ईश्वर नै मेरो शक्ति', *साहित्यपोस्ट,* https://sahityapost.com, हेरेको मिति २०८१ फागुन ११ ।

अर्याल, अम्बिका (२०८१), 'प्रेम, आस्था र आदर्शको प्रतिबिम्ब : *ग्याब्रियले*', *हाम्रो कथाघर,* https://hamrokathaghar.com, हेरेको मिति २०८१ फागुन ५ ।

अरस्तु/Aristotle (1925), *Nicomachean Ethics*, Translated by W. D. Ross, Batoche books.

उदास, श्रीबाबु कार्की (२०८१), '*ग्याब्रियले* - रुझाएको मस्तिष्क', *साहित्यपोस्ट,* https://sahityapost.com, हेरेको मिति २०८१ फागुन १० ।

कार्की 'क्षितिज', महेश (२०७९), 'संवेदनाको प्रतिबिम्ब : *ग्याब्रियले', सौर्य अनलाइन,* https://www.souryaonline.com, हेरेको मिति २०८१ फागुन १० ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), नेपाली उपन्यास र उपन्यासकार, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

पुडासैनी 'किशोर', दामोदर (२०७७), 'समय र सम्बन्धहरूलाई सापेक्षताको कसीमा घोटिएका कथाहरूको सङ्ग्रह - *ग्याब्रियले*', भूमिका, *ग्याब्रियले* (लेखक: हरिश कल्पित), काठमाडौँ : श्रीमती प्रेमकुमारी सुवेदी ।

प्लेटो/Plato (1994), *Symposium* (Benjamin Jowett, Trans.), Oxford University Press.

भट्टराई, गोविन्दप्रसाद (२०७७), *पूर्वीय काव्यसिद्धान्त,* दोस्रो संस्करण, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

रौनियार, रुबी (२०७९), '*ग्याब्रियले* अर्थात् ईश्वर नै मेरो शक्ति', *नागरिक दैनिक,* https://nagariknews.nagariknetwork.com, हेरेको मिति २०८१ फागुन ९ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, श्रीगङ्गा (२०८०), 'कृति समालोचना *ग्याब्रियले', सञ्जाल खबर,* https://sanjalkhabar.com, हेरेको मिति २०८१ फागुन ११ ।

स्टर्नबर्ग, रोबर्ट जे./Sternberg, Robert J. (1988), *The Triangle of Love: Intimacy, Passion, Commitment,* Basic Books.

स्टर्नबर्ग, रोबर्ट जे. र ग्राजेक, सुसन/Sternberg, Robert. J., & Grajek, Susan. (1984). The nature of love, *Journal of Personality and Social Psychology*, 47, 312-329. doi:10.1037/0022-3514.47.2.312.